# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७) शुद्धोधन, मङ्सिर २५ गते, २०७७, साल संख्याः ६


भाग-२

## निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् ब्यावस्थापन सम्बन्धि कार्यविधि, २०७७

पारित मिति : २०७७/०८/२५

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको निजी जग्गामा निर्माण सामाग्रीको रूपमा रहेको ढुङ्गा गिट्टी बालुवा भस्कट तथा माटोजन्य सामग्री व्यवस्थापन र सदुपयोग गरी जग्गा धनीले आफ्नो खेत सम्याउन तथा माछा पोखरी बनाउदा उत्खनन् हुने सामग्री बेचबिखन ओसारपसार ब्यवस्थापन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार तथा शुद्धोधन गाउँपालिकाले पारित गरेको संक्षिप्त वातावरणीय अध्यनन र पारम्भिक वातावरणीय परीक्षण स्वीकृत सम्बन्धी कार्यविधि २०७७ को अनुसूची १ मा रहेको थ्रेसहोल्ड भित्र रहने गरी शुद्धोधन गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् ब्यावस्थापन सम्बन्धि कार्यविधि, २०७७ रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि शुद्धोधन गाउपालिका, रुपन्देही भित्र लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) **गा. पा.** भन्नाले शुद्धोधन गाउपालिका मानपकडी, रुपन्देही सम्झनु पर्दछ ।

(ख) **कार्यालय** भन्नाले शुद्धोधन गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले शुद्धोधन गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरू समेतलाई बुझाउनेछ ।

(ग) **अनुगमन समिति** भन्नाले शुद्धोधन गाउँपालिकाले गठन गरेको प्रदेश नदीजन्य पदार्थ ब्यावस्थापन कार्यविधि २०७५ को दफा १८ अनुसारको अनुगमन समितिलाई जनाउदछ । यसले वडा स्तरमा गठित वडा अनुगमन समिति समेतलाई बुझाउदछ ।

(घ) **उत्खनन् तथा ब्यवस्थापन कार्य** भन्नाले निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् ब्यवस्थापन सम्बन्धि कार्य सम्झनु पर्दछ ।

(ङ) **कार्यविधि** भन्नाले निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् ब्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(च) **राजश्व** भन्नाले निजीमा उत्खनन् गरि बिक्री गर्ने पदार्थको गाउँसभाबाट निर्धारण गरिएको शुल्क अनुसारको आम्दानी सम्झनु पर्दछ ।

(छ) **धरौटी** भन्नाले निजी जग्गामा उत्खनन् गरि बिक्री गर्ने अनुमती पत्र लिदा राख्नुपर्ने धन जमानत सम्झनु पर्दछ । यसले बैंक जमानत समेतलाई बझाउछ ।

(ज) **भारी यन्त्र तथा उपकरण** भन्नाले निजी जग्गामा उत्खनन् गर्दा प्रयोग हुने स्काभेटर र लोडर जस्ता भारी मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(झ) **परिमाण** भन्नाले निजी जग्गामा उत्खनन् हुने परिमाणलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## उत्खनन् र ओसारपसार सम्बन्धी ब्यवस्था

३. जग्गाधनीले आफ्नो नाममा रहेको निजी जग्गा सम्याई खेतियोग्य जग्गा निर्माण गर्ने वा माछा पोखरी निर्माण गर्न चाहेमा निम्नानुसारको प्रकृया पुरा गरी अनुमती पत्र लिनु पर्ने छ ।

(क) जग्गाधनीले आफुले गर्न चाहेको काम उल्लेख गरि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(ख) निवेदनका साथ जग्गाधनीको नागरिकता, जग्गाधनी प्रमाण पुर्जा, जग्गाको नक्साको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

(ग) वडा कार्यालयले उक्त कागजातहरू रुजु गरी कानुन अनुसार उत्खनन् हुनसक्ने जग्गाको मात्र स्थलगत सर्जिमिन मुचुल्का खडा गर्ने र सक्कल सर्जिमिन मुचुल्का सहित सिफारिस गर्नु पर्नेछ ।

(घ) स्थलगत सर्जिमिन मुचुल्का गर्दा स्पष्ट रूपमा चौकिल्ला उल्लेख गरी सधियारहरूको सहमति गराई अनिवार्य रूपमा हस्ताक्षर गराउनु पर्नेछ ।

(ङ) उत्खनन् हुने सामग्रीको परिमाण सम्बन्धित प्राविधिकबाट नापजाँच गराई अनुमानित परिमाणको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(च) जग्गाधनीले उत्खनन् तथा बिक्री वितरण आफ्नै नामबाट वा ब्यावसायीबाट गराउन सकिने छ ।

(छ) उत्खनन् तथा बिक्री वितरण ब्यावसायीबाट गराउने भएमा जग्गाधनी र ब्यवशायी बिच दुई पक्षीय सम्झौता पेश गर्नु पर्ने छ ।

(ज) उत्खनन् तथा बिक्री वितरण ब्यावसायीबाट गराउने भएमा आफ्ना ब्यवशायका कागजात पेश गर्नुपर्ने छ ।

(झ) निजी जग्गा भए तापनि संघीय तथा प्रदेश कानुनले उत्खनन् गर्न बन्देज लगाएको स्थानमा उत्खनन् गर्न पाइने छैन ।

४. **सम्झौता गर्नु पर्ने** (क) निजी जग्गाको उत्खनन् गरी बिक्री बितरण गर्ने अनुमती पत्र लिनु पहिले कार्यालयसँग सम्झौता गर्नु पर्ने छ ।

५. **राजस्व रकम जम्मा गर्नु पर्ने** निजी जग्गामा उत्खनन् गरी बिक्री बितरण गर्नु पर्ने भएमा अनुमती पत्र लिनु पहिले यस गाउँपालिका कार्यालयको राजस्व खातामा गाउँ सभाबाट निर्धारण गरेको दररेट अनुसार राजस्व रकम जम्मा गर्नु पर्नेछ तर अफ्नै निजी जग्गामा उत्खनन् गरी अफ्नै निजी काममा प्रयोग गर्ने वा बिक्री बितरण नहुने भएमा राजस्व लाग्ने छैन तर अन्य सबै प्रकृया पुरा गरी कार्यालयबाट अनुमती पत्र लिनु पर्ने छ ।

६. **अनुमती पत्र लिनु पर्ने** निजी जग्गाको उत्खनन् गरी बिक्री बितरण गर्न वडा कार्यालयको सिफारिसको आधारमा यस शुद्धोधन गाउँपालिकाको कार्यालयबाट अनुमती पत्र लिनु पर्ने छ । अनुमति पत्र नलिई कुनै स्थानमा उत्खनन् गर्न पाइने छैन ।

## परिच्छेद – ३
## अनुगमन सम्बन्धी ब्यावस्था

७. **निजी जग्गामा उत्खनन् गर्दा सम्बन्धित कार्यालयहरूबाट आवश्यकता अनुसार अनुगमनको ब्यावस्था मिलाउनु पर्नेछ ।**

(क) निजी जग्गाकमा उत्खनन् गर्ने कार्यको अनुगमन गर्ने मूख्य जिम्वेवारी वडास्तरीय अनुगमन समितिको हुनेछ । साथै आवश्यकता अनुसार गाउँपालिकास्तरिय अनुगमन समिति, सम्बन्धित जनप्रतिनिधी र प्राविधिकबाट समेत अनुगमन गर्ने ब्यावस्था गर्नुपर्ने छ ।

(ख) वडा स्तरिय अनुगमन समिति देहाय बमोजिम हुने छ ।

१ **संयोजक** सम्बन्धित वडाको वडाअध्यक्ष वा निजले तोकेको वडा सदस्य

२ **सदस्य** सम्बन्धित शाखा हेर्ने प्राविधिक

३ **सदस्य** सम्बन्धित वडाको वडा सचिव

८. **दण्ड जरीवाना हुनेः** यस कार्यालयको अनुमती नलिई निजी जग्गामा उत्खनन् गरी बिक्री बितरण गरेको पाइएमा गाउँसभाबाट पारित दण्ड जरिवाना हुनेछ ।

## परिच्छेद – ४
## माछा पोखरी सम्बन्धी ब्यावस्था

९. (क) कूनै जग्गा धनी वा ब्यावसायीबाट निजी जग्गामा माछापोखरी निर्माण गर्न चाहेमा मत्स्य सूपरजोन वा यस गाउँपालिकाको पशु सेवा शाखाको मापदण्डसहित सिफारिस पत्र आवश्यक पर्ने छ ।

(ख) माछापोखरी निर्माणपश्चात धनी वा ब्यवशायीबाट माछापालन गर्ने लिखित प्रतिवद्धता पेश गर्नु पर्ने छ ।

## परिच्छेद – ५
## धरौटी सम्बन्धी ब्यावस्था

**१०. निजी जग्गामा उत्खनन् कार्य गर्दा धरौटी रकम राख्नु पर्ने ।**

(क) निजी जग्गामा उत्खनन् कार्य गर्दा उत्खनन् हुने परिमाणको कूल राजस्व रकमको कम्तिमा ५० प्रतिशत धरौटी रकम यस गाउँपालिकाको धरौटी खातामा राख्नुपर्ने छ ।
(ख) अनुमती प्राप्त परिमाणभन्दा बढी उत्खनन् भएको पाइएमा वडा अनुगमन समितिको सिफारिसमा गाउँपालिकाको निर्णय अनुसार उक्त धरौटी रकमबाट हिसाव मिलान गरि असूल उपर गरिने छ । धरौटी रकमले नपुगेमा निज जग्गाधनी वा ब्यवशायीबाट नपुग जरिवाना रकम असूल उपर गरिने छ ।
(ग) धरौटी रकम फिर्ता गर्नु पर्दा सम्बन्धित वडा अनुगमन समितिको सिफारिसमा गाउँपालिकाको कार्यालयबाट उक्त धरौटी रकम फिर्ता गर्न सकिने छ ।

## परिच्छेद – ६
## सूचक तथा प्रोत्साहन सम्बन्धी ब्यावस्था

**११. अनुमती पत्र प्राप्त नगरी निजी जग्गामा उत्खनन् कार्य गरेको देखि सूचना दिने सूचक र ढुवानीका साधन नियन्त्रणमा लिने ब्यक्ति वा निकायलाई प्रोसाहन गरिने छ साथै यो ब्यवस्था लुम्बिनी प्रदेशले पारित गरेको नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ समेतमा यो ब्यवस्था लागु हुनेछ ।**

(क) अनुमती पत्र प्राप्त नगरी निजी जग्गामा उत्खनन् कार्य गरेको सूचना दिने सूचकको नाम गोप्य राखिने छ ।
(ख) उपदफा (क) बमोजिमको सूचकलाई उक्त कार्यबाट प्राप्त जरिवाना रकमको १० प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ ।
(क) अनुमती पत्र प्राप्त नगरी निजी जग्गामा उत्खनन् तथा ओसारपसार गर्ने कार्य गर्दा वा उक्त कार्य गरी भाग्दै गरेको अवस्थामा ढुवानी तथा उत्खननका साधन नियन्त्रणमा लिने निकायलाई सो कार्यबाट प्राप्त जरिवाना रकमको १५ प्रतिशत रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ तर सूचक तथा

ढुवानी तथा उत्खननका साधन नियन्त्रणमा लिने निकाय एउटै भएमा जरिवाना रकमको १५ प्रतिशत रकम मात्र प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ ।

## परिच्छेद – ७

## संक्षिप्त वातावरणीय अध्यनन र प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी ब्यवस्था

१२. निजी जग्गामा उत्खनन् कार्य गर्दा संक्षिप्त वातावरणीय अध्यनन र पारम्भिक वातावरणीय परीक्षण स्वीकृत सम्बन्धी कार्यविधि २०७७ को अनुसूची १ मा रहेको थ्रेसहोल्ड अनुसार हुनेछ । उक्त ब्यवस्था अनुसार संक्षिप्त वातावरणीय अध्यनन वा पारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएमा जग्गाधनी वा ब्यवशायी स्वयम् अफैले संक्षिप्त वातावरणीय अध्यनन वा पारम्भिक वातावरणीय परीक्षण गराउनु पर्नेछ ।

## परिच्छेद – ८

## विविध

१३. निजी जग्गामा उत्खनन् गर्ने कार्य गर्दा जोखिम निम्तिने गरि उत्खनन् गर्न पाइने छैन ।

१४. ओसार पासार गर्ने ढूवानीका साधनहरू त्रिपालले छोपी चलाउनु पर्ने छ ।

१५. ओसार पासार गर्दा भित्री निकासीका सडकहरू मा कुनै क्षति भएमा उत्खनन् गर्ने जग्गाधनि वा ब्यवशायी स्वमले मर्मत गर्नुपर्ने छ ।

१६. उत्खनन् गर्ने कार्य गर्दा एकातर्फबाट सतह मिलाई उत्खनन् गर्नुपर्ने छ ।

१७. ओसार पासार गर्दा सडकमा पानी चुहिने गरी गाडी गुडाउन पाइने छैन । सडकमा पानी चुहिने गरी गाडी गुडाएमा उक्त गाडी नियन्त्रणमा लिई पहिलो पटकलाई सचेत गराउने र पुनः उक्त कार्य गरेमा नियमानुसार अवश्यक कार्यवाही गरिने छ ।

१८. ओसार पसार गर्दा बाटोमा धुलो धेरै उडेमा पानी छर्किने ब्यवस्था स्वम उत्खनन् गर्ने ब्यक्ति वा ब्यवशायीले गर्नुपर्ने छ ।

१९. उत्खनन् तथा ओसारपसार गर्ने कार्य गर्दा अनुमति पत्रमा दिइएको समयमा कार्य सम्पन्न गर्न नसकि जग्गाधनि तथा ब्यावसायीबाट म्याद थपको लागि माग गरेमा निजसँग लिखत निवेदन लिई वडा अनुगमन समितिसँग समन्वयको आधारमा स्थलगत निरिक्षण गरि म्याद थप गर्न आवस्यक देखिएमा गाउँपालिका कार्यालयबाट म्याद थप गर्न सकिने छ ।

२०. खारेजी र बचाउ

यो कार्यविधि लागु भएपश्चात निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् तथा ओसारपसार र माछा पोखरी निर्माण सम्बन्धि कार्यविधि २०७५ खारेज हुने छ । सार्वजनिक जग्गाको हकमा प्रदेश सरकारको नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ बमोजिम हुने साथै पहिले भए गरेका र उससँग सम्बन्धित निजी जग्गामा भएका उत्खनन् सम्बन्धित कार्यहरू यसै कार्यविधि अनुसार भए गरेको मानिने छ । कार्यविधिमा स्पष्ट हुन नसकेका निजी जग्गाको उत्खनन् तथा ब्यवस्थापन गर्ने कार्य गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुगमन प्रतिवेदन

निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् ब्यवस्थापन सम्बन्धि कार्यविधि २०७७ परिच्छेद–३ सँग सम्बन्धित

शुद्धोधन गाउँपालिका वडा नं ……………..का श्री ………………………..को नाममा दर्ता कायम रहेको नक्सा सिट न.. ……….. कित्ता नं. ……….को जग्गामा ताँहा कार्यालयको च.नं. ………… मिति …………………….. पत्रबाट ……………………………………………………… कार्यका लागि अनुमति प्रदान भएकोमा यस वडा कार्यालयबाट मिति ………………………मा वडा स्तरिय अनुगमन समिति मार्फत अनुगमन गरी तपसिल बमोजिमको पाईएकोले उक्त कार्यका लागि ताँहा कार्यालयमा निजले राखेको धरौटी फिर्ताको लागि यो प्रतिवेदन पेश गरिएको छ ।

**तपसिल**

अनुगमन समिति

१. संयोजक (वडा अध्यक्ष):

२. सदस्य (वडा सचिव) :

३. सदस्य (सम्बन्धित प्राविधिक) :

कार्यपालिका बाट पारित मिति :-२०७७/०८/२५ आज्ञाले

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत